REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

18:40 hrs 21.01.2024

CM-Mega Mela

बलिवुडका ख्यातिप्राप्त गायक श्री कैलाश खेरको जोरदार प्रस्तुती र दसौँ अखिल भारत मुख्यमन्त्री फूटबल प्रतियोगिताको फाइनल खेलसितै आठदिने लामो जोरथाङ माघे सङ्क्रान्ती मेला आज समापन भयो। समापन समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यस वर्षको जोरथाङ माघे मेलालाई सांस्कृति, साङ्गीत मनोरञ्जन र खेलकुदको समागम मात्र नभई विभिन्न अवसरको मेलाको संज्ञा दिनुभयो। उहाँले भन्नुभयो, धेरै अवसरहरू लिएर आएको यस वर्षका मेलामा धेरै व्यवसायी, उद्यमी, खेलाड़ी र कलाकारहरूले अवसर पाए। मेलाको उदघाटन राज्यपाल श्री ओमप्रकाश माथुरले गर्नुभयो। यस पल्टको माघे मेलामा अपेक्षाकृत लगभग पन्चनब्बे प्रतिशत सफलता हासिल भएको बताउँदै, मुख्यमन्त्रीले भन्नुभयो, यसपल्टको मेलामा देखिएका केही कमी कमजोरीलाई आगामी वर्ष पूरा गरेर जोरथाङ माघे मेलालाई नागाल्याण्डको हर्नबील फेस्टिभल जस्तै अन्तरराष्ट्रिय स्तरको उत्सवका रूपमा आयोजना गरिनेछ। मुख्यमन्त्रीले यस अवसरमा जोरथाङ खेल मैदानमा कृतिम घाँस लगाउने अनि मेला र अन्य कार्यक्रमका निम्ति रङ्गीत नदीका बगरमा नयाँ मैदान तयार पारिने पनि घोषणा गर्नुभयो। उहाँले जेष्ठ नागरिक र दिव्याङ्गहरूलाई समावेश गर्ने उद्देश्यले राज्य सरकारको बाल तथा महिला विकास विभाग-को नाम परिवर्तन गरी महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्ग कल्याण विभाग राखिने घोषणा गर्नुभयो।

85th AIPOC

सिक्किम विधानसभा अध्यक्ष श्री मिङ्मा नोर्बु शेर्पा संवैधानिक मूल्यमान्यतालाई सुदृढ़ पार्ने उद्देश्यको संसद र राज्य व्यवस्थापिका निकायहरूको योगदान विषयमा आयोजित पचासीयौँ अखिल भारत पीठासीन अधिकारी सम्मेलनमा सहभागी हुनुभयो। अध्यक्ष श्री शेर्पाले सम्मेलनको पूर्ण सत्रमा भाग लिँदै, संविधानले भावी पीडिलाई न्याय, समानता, स्वतन्त्रता र भ्रातृत्वको सिद्धान्त र मूल्यमान्यताका साथ प्रेरणा र मार्गदर्शन प्रदान गरिरहने कुरा सुनिश्चित गर्न मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो अनि संसद र राज्य विधानसभा संविधानको आदर्शसितै राष्ट्रको भविष्यलाई आकार दिने जिम्मेवार प्रमुख संस्थाहरू हुन् भन्नुभयो।

## Minister in NMMC: IPR

खानी तथा भूगर्भ विभाग मन्त्री श्री पिन्सो नामग्याल लेप्चा ओडिसाका कोनार्कमा भइरहेको दुई दिवसीय तेस्रो राष्ट्रिय खानी मन्त्रीहरूको सम्मेलनमा सहभागी हुनुभयो। सम्मेलनको उदघाटन सत्रको शुभारम्भ केन्द्रिय खानी मन्त्री श्री जीकिसन रेड्डीले गर्नुभयो। मन्त्री श्री लेप्चाले आफ्ना मन्तव्यमा हाम्रो राज्यको खनिज स्रोत र भूगर्भको नाजुक प्रकृति रहेको, यसले गर्दा भारी खनिज उत्खनन गर्न नमिल्ने जानकारी दिनुभयो। तर दिक्चु, नाम्ची र वरपरका क्षेत्रमा कोइलजास्ता आधारभूत केही खनिज धातुहरूका लागि केही उपयुक्त दिगो अभ्यासहरू फेला पार्न सकिने कुरा उहाँले बताउनुभयो। उहाँले भेलालाई मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको शुभकामना पनि दिनुभयो।

## Noth East-Mahakumbh

उत्तर प्रदेश सरकारका सहयोगमा पत्र सूचना कार्यालयद्वारा 21 देखि 23 जनवरीसम्म आयोजना गरिएको तीन दिवसीय मिडिया भ्रमणको एक भागका रूपमा पूर्वोत्तर भारतका चौध जना पत्रकार प्रयागराजमा महाकुम्भ 2025 को भ्रमण गर्नका लागि तयार छन्। अरुणाचल प्रदेश, असम, मणिपुर, मेघालय, नागाल्याण्ड, सिक्किम र त्रिपुराको प्रतिनिधित्व गर्ने यस प्रतिनिधिमण्डलले विश्वका एक ठूलो आध्यात्मिक समारोहबारे रिपोर्ट गर्ने सुनौलो अवसर पाउनेछ। यस पहलको उद्देश्य छापा, इलेक्ट्रोनिक र डिजिटल मिडियाका पत्रकारहरूलाई महाकुम्भ मेलाको सांस्कृतिक र आध्यात्मिक महत्त्व पूर्वोत्तर क्षेत्र र यसबाहिरका श्रोताहरूलाई साझा गर्ने मञ्च प्रदान गर्नु हो।

## Mangan-Finance Commission

सौह्रौँ वित्त आयोगका अध्यक्ष डा. अरविन्द पनगरियाको नेतृत्वका प्रतिनिधिमण्डल आज बिहान मङ्गन जिल्लाको लाचुङ आर्मी हेलिप्याडमा पुग्यो, जहाँ प्रतिनिधिमण्डललाई मङ्गनका जिल्लापाल श्री अनन्त जैनले स्वागत गर्नुभयो।

## Footballl-Gold Cup

दसौँ अखिल भारत मुख्यमन्त्री गोल्ड कप फुटबल टर्नामेन्टको फाइनल खेल आज झापा एघार र चर्च बोइज युनाइटेड नेपालबीच सम्पन्न भयो। झापा एघार, चर्च बोइज युनाइटेड विरुद्ध 2-0 गोलले विजय बन्यो।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 12.4 डिग्री सेल्सियस र न्यूनतम तापमन 7.9 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि न्यूनतम तापमान 8 डिग्री सेल्सियस र अधिकतम तापमान 16 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।